Sikkim Express 29.06.22

# Landslide claims woman and her two minor sons in Rongyeck

**DICHEN ONGMU**

**GANGTOK, June 28:** A 27-year-old woman and her two minor sons lost their lives when their kutcha house was swept away by a landslide in early morning hours of Tuesday at Dokan Dara, Rongyeck, near Gangtok.

Intense rains had triggered the landslide leading to the deaths of Doma Sherpa and her two children. One was 8 years old and the other was a seven-month infant. The incident took place around 1:25 am.

Gangtok SDM (headquarters) Robin Sewa, SDRF rescue team, firemen and Sikkim Police personnel rushed to the spot immediately upon receiving the information. The SDRF rescue team led by head constable Narendra Rai along with the help of the local panchayats and residents sprung into the search operation and recovered the bodies.



**People helping to recover household items from the house that was hit by the landslide.**

The deceased's husband, Bimal Mangar, is a driver by profession and was at Siliguri when the calamity struck his family. He reached Gangtok later in the day and took the bodies of his family to his native village of Suldung Boudha in West Sikkim from STNM Hospital here.

SDM Sewa assured to address the calamity seriously and provide all the necessary assistance to the bereaved family as per the norms of the State government.

Governor Ganga Prasad has expressed deep grief over the incident and extended his condolences to the bereaved family. "In this time of grief and sorrow I convey my deepest sympathy to the bereaved family members and pray that the Almighty God will grant comfort and solace. May their souls rest in eternal peace," he said.

हिमा. प्रजाशक्ति २९.०६.२२

# पैह्रोको कारण एकै परिवारका तीनजनाको मृत्यु



गान्तोक, २८ जून। पैह्रोको कारण एउटै परिवारका तीनजनाले ज्यान गुमाउनु परेको छ। घटना राजधानी गान्तोकदेखि केही दूरीमा स्थित रोङ्गे दोकान डाँडाको हो। पैह्रोको चपेटामा परे २७ वर्षीय डोमा शेर्पा र उनको दश वर्षीय र सात महिनाको दुई जना छोराको मृत्यु भएको छ। जानकारी अनुसार सोमबार राति लगभग १:१५ बजे रातभरिको अविरल वर्षाका कारण गएको पैह्रोले दोकान डाँडा रोङ्गेस्थित बिमल मंगरको कच्चा घर पुरेको थियो। पैह्रोले घर पुरेको कारण बिमल मंगरकी पत्नी डोमा शेर्पा र उनका दुइजना छोराले ज्यान गुमाउनु पऱ्यो। पेशागत रूपमा वाहन चालक विमल मगर घटनाको समय सिलगढीमा थिए। पैह्रोले घर पुरेको सूचना पाएपछि गान्तोकका एसडीएम रविन सेवाले आफ्नो टोलीलाई लिएर घटनास्थल पुगी राहत कार्य शुरू गरेको र तीनवटै शव घटनास्थलबाट निकालिएको जानकारी पाइएको छ। बिमल मंगरको परिवार मूल रूपमा पश्चिम सिक्किमको रेसी नजिक सुल्दुङ बौद्ध निवासी रहेको थाहा लागेको छ।

## मुख्यमन्त्रीद्वारा समवेदना व्यक्त

गान्तोक, २८ जून। मुख्यमन्त्री प्रेमसिंह तामाङले राजधानी छेउ रोङ्गे दोकान डाँडामा पैह्रोको चपेटमा परेर एउटै परिवारका तीन सदस्यले ज्यान गुमाएको घटनाप्रति हार्दिक समवेदना व्यक्त गरेका छन्। मुख्यमन्त्रीले आज आफ्नो आधिकारिक फेसबुक पेजमा रोङ्गे दोकान डाँडामा पैह्रोको चपेटमा परेर डोमा शेर्पा र उनका एक दश वर्षीय र अर्का सात महिनाको शिशुको मृत्यु भएको बताएका छन्। उनले मृतकका परिवार र आफन्तहरूमा गहिरो सहानुभूति व्यक्त गर्दै सरकारले हर सम्भव सहायता गर्ने आश्वासन पनि दिएका छन्। उल्लेखनीय छ, राजधानी गान्तोकदेखि लगभग पाँच किलोमिटर टाडा रोङ्गे दोकान डाँडामा एउटा कच्चा घरलाई पैह्रोले छोप्दा तीनजनाले ज्यान गुमाएका छन्। ज्यान गुमाउनेहरूमा २७ वर्षीय डोमा शेर्पा र उनको १० वर्षीय र सात महिनाको दुईजना नानीहरू सामेल छन्।

## राज्यपालद्वारा घटनाप्रति दुःख प्रकट

गान्तोक, २८ जून। सिक्किमका राज्यपाल गंगा प्रसादले गए राति राजधानी छेउ रोङ्गेमा घटेको घटनाप्रति गहिरो शोक व्यक्त गरेका छन्। राज्यपालले भनेका छन्, गान्तोकको दिछिलिङस्थित रोङ्गे दोकान डाँडामा बिहान १:१५ बजी पैह्रोले बिमल मंगरको कच्चा घरलाई चपेटमा लिँदा उनको श्रीमती डोमा शेरपा, एक १० वर्ष र अर्का ७ वर्षको छोराको मृत्यु भयो। यो दुखद समाचारले अत्यन्त वेदना भइरहेको छ। राज्यपालले यो अप्रिय घटनाबाट दुखी रहेको बताउँदै ईश्वरले मृतकहरूको आत्मालाई सदगति प्रदान गरुन् भनी प्रार्थना गरेका छन्। उनले यस दुःखको समयमा परिवारजनलाई ईश्वरले धैर्य अनि शक्ति प्रदान गरुन् भनी प्रार्थना पनि गरेका छन्। राज्यपालले भनेका छन्, यस्तो कुनै शब्द छैन जसले उनीहरूको पीडालाई कम गर्न सकियोस्, तर जब पनि आवश्यकता पर्नेछ, हर सम्भव तरिकाले उनीहरूलाई सहायता गर्न सदैव उपस्थित रहनेछु। यस अतिरिक्त, राज्यपालले राँचीबाट शैक्षिक भ्रमणमा सिक्किम आएका संत जेभियर्स कलेजका विद्यार्थीहरूको बस दुर्घटनाप्रति पनि दुःख व्यक्त गरेका छन्। उनले ईश्वरसँग सबै विद्यार्थीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन्।